जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.नि.वि.का.द.नं. ५/०६४/०६५
वर्ष ३१ अंक ७३ २०७८ साल असोज २३ गते शनिबार (9 Oct. 2021 Saturday) मूल्य रु. ५/-

**कोभिड—१९ को संक्रमणबाट बचौं र बचाऔं**

सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं :
- अनिवार्य रुपमा मास्क लगाऔं ।
- सेवा प्रवाहमा भौतिक दुरी कायम गरौं ।
- साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं।
- संक्रमणको शंका लागेमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : छिन्नमस्ता मन्दिर जाने ... ३ पृष्ठमा : आन्दोलनरत बाल शिक्षक तथा ... ३ पृष्ठमा :विश्व स्वास्थ्य संगठनद्वारा ...

# जनमत पार्टीद्वारा मुख्यमन्त्री राउतको राजीनामा माग




**दैनिक समाचारदाता राजविराज, २२ असोज ।**
सिके राउत नेतृत्वको जनमत पार्टीले बढ्दै गएको भ्रष्टाचार बिरुद्ध शुक्रबार राजविराजमा खबरदारी जुलुस प्रदर्शन गर्दै प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतको राजिनामा माग गरेको छ । टाउँकोमा पार्टीको चिन्ह भएको टोपी र हात हातमा लाठीसहित गाउँ गाउँबाट आएका पार्टीका कार्यकर्ता तथा समर्थकले खबरदारी जुलुस प्रदर्शनसहित मुख्यमन्त्रीको राजिनामा माग गरेका हुन् ।

प्रदर्शनकारीहरुले प्रदेश २ सरकारले छात्राहरुलाई बितरण गरेको साइकल खरीदमा समेत भ्रष्टाचार गरेको भन्दै मुख्यमन्त्री लालबाबु राउतबिरुद्ध चर्को नाराबाजी गर्दै उनको राजिनामा माग गरे ।

पार्टीका जिल्ला सचिव थानेश्वर साहले प्रदेश सरकारदेखी जिल्लाका विभिन्न सरकारी कार्यालय र स्थानिय तहहरुमा ब्यापक भ्रष्टाचार भएको भन्दै यसका बिरुद्ध खबरदारी गर्नुपरेको बताए ।

*बाँकी अन्तिम पृष्ठमा*

# सात किलो चाँदीका गरगहनासहित एक पक्राउ

**दैनिक समाचारदाता राजविराज, २२ असोज ।**
अवैध रुपमा ल्याएको सात किलो चाँदीका गरगहनासहित शुक्रबार प्रहरीले एक यूवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मोरङको रंगेली नगरपालिका ९ बस्ने २६ वर्षिय उमेश विक छन् ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित भारदह चौक नजिकै शंकास्पद अवस्थामा देखिएका उनलाई इलाका प्रहरी कार्यालय भारदहको टोलीले चेकजाच गर्दा सात किलो तौलको चाँदीको गरगहना बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिएका छन् ।

अवैध रुपमा बरामद चाँदीका गरगहनाको ६ लाख ६० हजार रुँपैया मुल्याङ्कन गरिएको छ । बरामद गहनाहरुमा चाँदीको सादा पाउजु ८८, जेन्स ब्रासलेट २७, बच्चाको पाउजु ६२, सिक्री ७२ र बच्चाको चुडा २८ थान लगायतका गरगहना रहेको र निजलाई आवश्यक कारवाहीका लागि बरामद सामानसहित सुनसरीको इटहरीस्थित आन्तरिक राजश्व कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

"राजविराज शहर, समृद्ध-हरित नगर"

## राजविराज नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी
प्रदेश नं.२, नेपाल

**शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको संशोधित सूचना**
**प्रकाशित मिति : २०७८/०६/२३**

उपरोक्त सम्बन्धमा राजविराज नगरपालिका कार्यालयद्वारा सडक बिजुलीबत्तीको सामान खरिद सम्बन्धी दरभाउपत्र (प्याकेज-३) को आशयको सूचना मिति २०७८/०६/१६ गते राजविराज टुडे दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा आर.के. इन्टरप्राइजेज, राजविराजले न्यूनतम कबोल गरेको रकम रू. ८,१४,४७५ हुनुपर्नेमा ८,१५,२२५ हुन गएकोमा संशोधित सूचना सबैमा जानकारीको लागि अनुरोध छ ।

| क्र. स. | खरिद कार्यको नाम | स्वीकृतिको लागि छनौट भएको शिलबन्दी दरभाउपत्र दाता | | रकम रू. (मू. अ. क. बाहेक) |
|---|---|---|---|---|
| | | नाम | ठेगाना | |
| १ | बिजुलीबत्तीको सामान खरिद सम्बन्धी दरभाउपत्र (प्याकेज-३) | आर.के. इन्टरप्राइजेज, राजविराज | राजविराज, सप्तरी | ८,१४,४७५/- |

(मदन कुमार थापा)
प्रमुख प्रशासकीय अधिकृत

**मंगलमय शुभकामना**

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



**जयनारायण मण्डल**
**अध्यक्ष**
**राजविराज ८, सप्तरी**

**मंगलमय शुभकामना**

हिन्दुहरुको महान पर्व २०७८ को वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण जिल्लावासी, नगरवासी, वडावासी, शेयर सदस्य तथा सम्पूर्ण संस्थासँग आवद्ध शुभचिन्तकहरुमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**राजविराज ८, परिवार**

# छिन्नमस्ता मन्दिर जाने सडकभरि खाल्डा

**अरुणकुमार यादव**

राजविराज, २२ असोज (रासस)।

राजविराजबाट दक्षिणतर्फ ११ किलोमिटर पर एतिहासिक तथा धार्मिक छिन्नमस्ता भगवती मन्दिर छ। बाटो दुरुस्त हुँदा सप्तरीको सदरमुकाम राजविराजबाट चारपाङ्ग्रे सवारीसाधनले १० मिनेटमा मन्दिर पुग्थ्यो। तर राजविराज-छिन्नमस्ता सडक खण्डको खराब अवस्थाका कारण मन्दिर पुग्न अहिले एकदेखि डेढ घण्टासम्म समय लाग्ने गर्दछ।



केही महिनायता सो सडक खण्डमा साना पोखरीजस्तै खाल्डा बनेका छन्। बाटोको खराब अवस्थाकै कारण अहिले राजविराजबाट मन्दिर पुग्न एक घण्टाभन्दा बढी समय लाग्ने भएको स्थानीयवासीको भनाइ छ।

सप्तरीको प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता भगवती मन्दिर जाने सडकमा ठूलठूला खाल्डाखुल्डी भई पानी जमेका कारण दसैँमा दर्शनका लागि आउने भक्तजनलाई मन्दिरसम्म पुग्न समस्या भइरहेको छ। सो सडक खण्डमा राजविराजबाटै खाल्डाखुल्डी सुरु हुन्छ। राजविराजको सिरहारोड, बोरिया र कोचाबखारीमा बीच सडकमै ठूलो खाल्डो परेको सडकमा वर्षाको पानी जमेपछि मन्दिरसम्म मन्दिरसम्म पुग्न समस्या हुने गरेको भक्तजनको गुनासो छ।

दैनिक रूपमा सवारीसाधनहरू दुर्घटना भइरहन्छन्। तर, सडक पुनर्निर्माण गर्नेतर्फ सरकारी निकायको ध्यान जान सकेको छैन। “राजविराजदेखि मन्दिरसम्मको ११ किलोमिटर बाटो पार गर्न एकदेखि डेढ घण्टासम्म समय लाग्ने, त्यो पनि डरलाग्दो बाटो पार गर्नुपर्ने अवस्था छ”, मन्दिरबाट पूजा गरेर फर्किनु भएका राजविराज नगरापालिका-३ का श्याम रजकले भन्नुभयो, “सडकको अवस्था हेर्दा सवारीसाधन चल्नै नसक्ने खालको छ।” उक्त सडक खण्डमा लामो समयदेखि खाल्डो परेको भए पनि सडक विभाग र स्थानीय तहले समेत ध्यान नदिँदा मन्दिर आवतजावत गर्न भक्तजनलाई निकै सास्ती हुने गरेको उहाँको भनाइ छ।

उहाँले सो सडक खण्ड हिलाम्मे र खाल्टोले भरिएको छ। सडकको दुरवस्थाले सर्वसाधारणलाई मन्दिरसम्म पैदल हिडेर जानसमेत समस्या रहेको बताउनुभयो। उक्त सडकमा दैनिक जोखिम मोलेर सवारीसाधन चलाउनुपरेको चालकहरू बताउँछन्। “खाल्टामा साना चारपांग्रे गाडी फस्छन्”, उहाँले भन्नुभयो, “सवारीमा त क्षति हुन्छ हुन्छ, ज्यानको पनि उत्तिकै जोखिम छ।”

दसैँका अवसरमा मन्दिरमा भक्तजनको बढी भीडभाड हुने गर्छ। भगवतीको दर्शन र पूजापाठका लागि चार पाङ्ग्रे सवारीसाधन लिएर आउने भक्तजन हिलाम्मे र खल्डाखुल्डी सडकका कारण दुर्घटनाको जोखिममा रहेको छिन्नमस्ता भगवती मन्दिरका पीठाधीश महाकान्त ठाकुरले बताउनुभयो। उहाँले कोरोना महामारीका कारण गत वर्ष कम भीड हुने गरेको भएपनि यो वर्ष दसैँमा दर्शानार्थीको उल्लेखनीय भीड बढी रहेको बताउनुभयो।

मानिसको दैनिक चाप बढ्दा यहाँको जीर्ण र हिलो सडकका कारण दैनिक अटो, सिटी रिक्सा, मोटरसाइकल, कार, दुर्घटना हुने जोखिममा रहेको उहाँको भनाइ छ। सडक मर्मतका लागि सडक डिभिजन कार्यालय प्रमुख, प्रमुख जिल्ला अधिकारीसहितका सरोकारवालाको ध्यानाकर्षण गराउँदासमेत सुनुवाइ नभएको गुनासो गर्दै उहाँले कोभिड-१९ का कारण गत वर्ष बलि चढाउनु बाँकी रहेकाले समेत यस वर्ष बलि चढाउने हुँदा भक्तजनको बढी भीड हुने जानकारी दिनुभयो।

यसैबीच नेपाल भारत सीमानाका खुला भएका कारण भारतीय नागरिक छिन्नमस्ता मन्दिरमा दर्शन र पूजापाठको लागि आउने गरेको छिन्नमस्ता मन्दिर व्यवस्थापन समितिले जनाएको छ। विगत डेढ वर्षदेखि कोरोना महामारीका कारण नेपाल सरकारले नेपाल-भारत सीमानाका बन्द गरेको हुँदा छिन्नमस्ता मन्दिर दर्शन गर्न आउने भारतीय नागरिक अत्यन्तै कम थिए। सो सडक खण्डको दुरवस्थाले भक्तजनलाई सास्ती बेहोर्नुपरिरहेको स्थानीयवासी बताउँछन्।

## विधेयक फिर्ता लिने प्रस्ताव स्वीकृत

काठमाडौँ २२ असोज (रासस)।

प्रतिनिधि सभाको शुक्रबारको बैठकले प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) को अवरोधकै बीच विधेयक फिर्ता लिने प्रस्ताव स्वीकृत गरेको छ।

बैठकमा प्रधानमन्त्री एवं सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री शेरबहादुर देउवाको तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले ‘सङ्घीय निजामति सेवा विधेयक, २०७५’ फिर्ता लिने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। उक्त प्रस्तावलाई बहुमतले स्वीकृत गरेको हो।

उक्त प्रस्ताव स्वीकृत गर्नुपूर्व बैठकले नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले राख्नुभएको विरोधको सूचनालाई बहुमतले

*बाँकी तीन पृष्ठमा*


मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



**माँगिलाल नाई**
**अध्यक्ष**
**राजविराज ७, सप्तरी**

हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**सचिन्द्र दास**
**अध्यक्ष, तथा**
**जनमूखी बहुउद्धेश्यीय सहकारी संस्था लि.**
**राजविराज ४, सप्तरी, परिवार**

हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**शत्रुघन प्रसाद गुप्ता**
**अध्यक्ष, तथा**
**नेपाल सहकारी संस्था लि.**
**राजविराज ३, सप्तरी, परिवार**

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. रंजना गिरी**
**Dr. Ranjana Giri**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोभिशिल्ड खोपमा लगाएकामा ६३.३ प्रतिशत र भेरोसेलमा ७२.४ प्रतिशत एन्टिबडी

काठमाडौं, २२ असोज (रासस)।

कोरोना भाइरसविरुद्ध कोभिशिल्ड खोप लगाएका व्यक्तिमा ६३दशमलव तीन प्रतिशत र भेरोसेल लगाएकामा ७२ दशमलव चार प्रतिशतमा रोगप्रतिरोधात्मक क्षमता (एन्टिबडी) पाइएको छ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले काठमाडौं, ललितपुर, भक्तपुर जिल्लाका एक हजार ७९६ जनामा गरेको अनुसन्धानमा एन्टिबडी अध्ययन गर्दा कोभिशिल्ड लगाएकामा ६३ दशमलव तीन प्रतिशत र भेरोसेल लगाएकामा ७२ दशमलव चार प्रतिशत एन्टिबडी बनेको पाइएको हो।

परिषद्ले शुक्रबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा वरिष्ठ अनुसन्धान अधिकृत डा मेघनाथ धिमालले कोभिशिल्ड लगाएका व्यक्तिमा खोप लगाएको धेरै समयपछि मात्र अनुसन्धान गरिएकाले भेरोसेलभन्दा कम प्रतिशतमा एन्टिबडी देखिएको बताउनुभयो। "भेरोसेल लगाएका व्यक्तिमा खोप लगाउनेबित्तिकै एन्टिबडी परीक्षण गरिएकाले धेरै एन्टिबडी देखिएका हो", उहाँले भन्नुभयो, "दुवै खोप उत्तिकै प्रभावकारी छन्।"

काठमाडौं उपत्यकाका तीनै जिल्लामा गरिएको अनुसन्धानमा खोप लगाएका ६५ प्रतिशत व्यक्तिमामा एन्टिबडी देखिएको र खोप नलगाएका केही व्यक्तिमा पनि एन्टिबडी देखिएको वरिष्ठ अनुसन्धान अधिकृत धिमालले जानकारी दिनुभयो।

उहाँका अनुसार खोप नलगाएका व्यक्तिमा ४३ दशमलव नौ प्रतिशतमा एन्टिबडी देखिएको छ। यस्तै पहिलो मात्रा खोप लगाएकामध्ये ५५ दशमलव एक प्रशिशतमा र पूर्ण मात्राको खोप लगाएकामध्ये ८२ प्रतिशतमा एन्टिबडी देखिएको छ।

वरिष्ठ अनुसन्धान अधिकृत धिमालले खोप लगाएको ६० दिनसम्म एन्टिबडी देखिने र त्यसपछि क्रमशः एन्टिबडी घट्दै जानाका साथै केही व्यक्तिमा १५० दिनसम्म पनि एन्टिबडी देखिने गर्दछ भन्नुभयो।

अनुसन्धानकै क्रममा कोभिड-१९ को सङ्क्रमण पुष्टि नभएका व्यक्तिमा एन्टिबडी परीक्षण गर्दा ५९दशमलव आठप्रतिशत मात्र एन्टिबडी देखिएको छ।

कार्यकारी प्रमुख डा प्रदीप ज्ञवालीले कोभिड-१९ को सङ्क्रमण भई निको भएकामध्ये लक्षण नदेखिएका व्यक्तिको अनुपातमा जटिल लक्षण देखिएका व्यक्तिमा एन्टिबडी विकसित भएको बताउनुभयो। खोप लगाएको दिनदेखि नमूना सङ्कलनको दिनसम्मलाई तुलना गरेर हेर्दा खोप लगाएको दोस्रो महिना पुगेकामा ८२दशमलव३३ प्रतिशत एन्टिबडी देखिएको छ। यस्तै चौथो महिनामा एन्टिबडी क्रमशः घटेर ४३दशमलव ७५ प्रतिशत मात्रा एन्टिबडी देखिएको छ।

यस्तै अनुसन्धानकै क्रममा दीर्घरोगीमध्ये एउटै मात्र दीर्घरोगी भएका ७८ दशमलव नौ, दुईटा दीर्घ रोगी भएकामा ७१ दशमलव ६९ र तीन वटा दीर्घरोगी भएकामध्ये ४२ दशमलव तीन प्रतिशत एन्टिबडी देखिएको छ।

कार्यकारी प्रमुख डा ज्ञवालीले कोभिड-१९ विरुद्धको खोप नलगाएका तथा कोभिड-१९ को सङ्क्रमण पुष्टि नभएका ४६ प्रतिशत सहभागीमा पनि एन्टिबडी विकसित भएको देखिएकाले कोभिड-१९ समुदायस्तरमा फैलिएको हुनसक्ने बताउनुभयो।

अनुसन्धानलाई वैज्ञानिक बनाउने प्रयास गरिएको बताउँदै उहाँले खोप लगाएका व्यक्तिमा एन्टिबडी बढ्दै जाने गरेको छ भन्नुभयो। काठमाडौँ विश्वविद्यालयको सहयोगमा गरिएको अध्ययनमा एक हजार २२७ पुरुष र ५७९ महिला सहभागी थिए। पचास दशमलव पाँच प्रतिशत औसत उमेरका व्यक्तिमा गरिएको अध्ययनमा १५ दशमलव चार प्रतिशत सहभागीमा सङ्क्रमण देखिएको थियो। कूल खोप

*बाँकी अन्तिम पृष्ठमा*

### *विधेयक फिर्ता ...*

अस्वीकृत गरेको थियो। विरोधको सूचना प्रस्तुत गर्दै सांसद सुवालले प्रधानन्यायाधीशले वर्तमान सरकारमा भागबण्डा खोजेको भन्ने समाचार आइरहेको भन्दै उक्त विषयमा स्पष्ट पार्न माग गर्नुभएको थियो। जवाफमा कानुनमन्त्री कार्कीले प्रधानन्यायाधीशले सरकारमा सहभागिताका लागि कोटा माग गरेको भन्ने समाचारमा कुनै सत्यता नभएको बताउँदै कोही कसैलाई पनि भ्रममा नपर्न अनुरोध गर्नुभयो।

त्यसैगरी बैठकले राष्ट्रियसभामा उत्पत्ति भई प्रतिनिधिसभामा विचाराधीन रहेको 'रेल्वे विधेयक, २०७६' फिर्ता लिनका लागि राष्ट्रियसभाको सहमतिको लागि सिफारिस प्राप्त गर्ने प्रस्तावलाई पनि बहुमतले स्वीकृत गरेको छ। प्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री देउवाको तर्फबाट मन्त्री कार्कीले राष्ट्रियसभामा उत्पत्ति भई प्रतिनिधि सभामा विचाराधीन रहेको 'रेल्वे विधेयक, २०७६' फिर्ता लिनको लागि राष्ट्रियसभाको सहमतिको लागि सिफारिस प्राप्त गर्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो।


## मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण विद्यार्थी, अभिभावक, शुभचिन्तक एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



**शम्भु प्रसाद यादव**

**प्रमुख, राजविराज नगरपालिका**

## मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण विद्यार्थी, अभिभावक, शुभचिन्तक एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



**सतिशकुमार सिंह**

**अध्यक्ष, तिलाठी कोइलाडी गाउँपालिका**

## मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



**चन्द्रशेखर चौधरी**

**अध्यक्ष**

**राजविराज १, सप्तरी**

## मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



**प्रेमकुमार यादव**

**अध्यक्ष**

**राजविराज ६, सप्तरी**


## विश्व समाचार

### विश्व स्वास्थ्य संगठनद्वारा सन् २०२१ सम्म ४० प्रतिशतलाई खोप लगाउने लक्ष्य

जेनेभा, २२ असोज (रासस/सिन्ह्वा)।

विश्वस्वास्थ्य सङ्गठनले सन् २०२१ को अन्त्यसम्ममा विश्वका कम्तीमा पनि ४० प्रतिशत जनसङ्ख्यालाई खोप लगाइसक्नुपर्ने लक्ष्य निर्धारण गरेको छ। विश्व स्वास्थ्य सङ्गठनले विश्वका सबै देशमा सन् २०२२ को मध्यसम्ममा कम्तीमा पनि ७० प्रतिशत नागरिकले दुवै अर्थात् पूरा मात्रा खोप लगाउनुपर्ने लक्ष्य निर्धारण गरेको गत बुधबार सार्वजनिक गरेको हो।

विश्व स्वास्थ्य सङ्गठनका महानिर्देशक टेडरस आधनम गेब्रियसले बुधबार ती लक्ष्यका बारेमा विश्वका देशहरुलाई जानकारी गराउनुभएको हो। उहाँले विश्वका कोरोनाविरुद्धको खोप एक चुनौती बन्दै गएको भन्दै यसका लागि आवश्यक वातावरण बनाउन पनि विश्वका देशहरुलाई आग्रह गर्नुभएको छ।

उहाँले बाँच्न पाउनु हरेक नागरिकको अधिकार हो भन्दै विश्वका धनी देशहरुले गरिब तथा तेस्रो विश्वका देशहरुलाई कोरोनाविरुद्धको खोपको सहयोगका लागि पनि आग्रह गर्नुभएको छ।

### भारतमा कोरोनाभाइरसबाट थप २१ हजार संक्रमित

नयाँ दिल्ली, २२ असोज (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट थप २१ हजारभन्दा बढी सङ्क्रमित भएका छन्। अधिकारीहरुले शुक्रबार बिहान दिएको जानकारीअनुसार भारतमा थप २१ हजार २५७ जना सङ्क्रमित भएका हुन्।

केन्द्रीय स्वास्थ्य मन्त्रालयले भारतमा पछिल्ला केही दिनदेखि दैनिक औसतमा २० हजार नयाँ सङ्क्रमित थपिने गरेको जनाएको छ। भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या दुई लाख ४० हजार २२१ जना रहेको पनि मन्त्रालयका अधिकारीहरुले जनाएका छन्।

यो सङ्ख्या २०५ दिनपछिकै सबैभन्दा कम भएको पनि मन्त्रालयले जनाएको छ। भारतमा पछिल्लो समयमा दैनिक सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या बढ्दै गइरहेको र नयाँ थपिने सङ्क्रमितहरुको सङ्ख्या घट्दै गएकाले सक्रिय सङ्क्रमितहरुको सङ्ख्या पनि कम हुँदै गएको हो।

### पाकिस्तानमा भूकम्पबाट एक सयबाट बढी घाइते

बलुचिस्तान, पाकिस्तान, २२ असोज (रासस/एएफपी)।

पाकिस्तानको दक्षिणी प्रान्त बलुचिस्तानमा बिहीबार बिहानै गएको भूकम्प परी एक सयभन्दा बढी घाइते भएका छन्। यद्यपि केही समाचार संस्थाले यहाँ कम्तीमा पनि १५० जना घाइते भएका जनाएका थिए।

बिहीबार बिहानै ५.९ रिक्टर स्केलको भूकम्प गएको र यसमा परी कम्ती २० जनाको मृत्यु भएको हिजो सरकारी अधिकारीहरुले जानकारी दिएका थिए। भूकम्पमा परेका मृतकमध्ये अधिकांश महिला तथा बालबालिका रहेका छन्।

घाइतेमध्ये केहीको अवस्था गम्भीर भएको हुनाले मृतकको सङ्ख्या बढ्ने अनुमान गरिएको छ। घाइते भएकामध्ये कतिपयको अवस्था गम्भीर भएकाले अस्पतालमा उपचार भइरहेको छ।

बलुचिस्तानका आन्तरिक मामिलामन्त्री मीर जिआउल्लाहले सो प्रान्तका प्रभावित क्षेत्रमा आपत्कालीन सेवा सुरु गरिएको जनाउनु भएको छ।

### मलेसियामा बेरोजगारी दर घट्यो

क्वालालम्पुर, २२ असोज (रासस/सिन्ह्वा)।

मलेसियामा गत अगस्ट महिनामा बेरोजगारी दर घटेको छ। गत जुलाईमा बेरोजगारी दर ४.८ प्रतिशत रहेकोमा अहिले अगस्टमा घटेर ४.६ प्रतिशत पुगेको अधिकारीहरुले जनाएका छन्।

उनीहरुले शुक्रबार सार्वजनिक गरेको विवरणअनुसार पछिल्लो समयमा आर्थिक गतिविधि बढ्न थालेकाले बेरोजगारी दर घटेको हो। "कोरोनाभाइरसको महामारीका कारण न्यून हुँदै गएको आर्थिक गतिविधि पछिल्लो समय बढ्दै गएको छ, त्यसैले बेरोजगारी दर घटेको हो," एक अधिकारीले भने।

मलेसियामा खोप लगाउनयोग्य मध्ये झण्डै ८८ प्रतिशतले खोप लगाएकाले पनि महामारी कम हुँदै गएको र आर्थिक गतिविधि बढी हुँदै गएको हो। "महामारी न्यूनीकरण भएको सकारात्मक अवस्थाले अर्थतन्त्रमा पनि सकारात्मक नतिजा दिएको हो," एक अधिकारीको भनाइ छ।

# तीन दिने व्यवसायिक साक्षरता तालिम सुरु




**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

सप्तरीको राजगढ गाउँपालिका ४ स्थित बेल्हीमा शुक्रबारदेखी तीन दिने व्यवसायिक साक्षरता तालिम शुरु भएको छ ।

युरोपियन यूनियनको आर्थिक सहयोग, वेल्टहङ्गरहिल्फेको प्राविधिक सहयोग तथा आसमान नेपालको अगुवाईमा राजगढ गाउँपालिका एवं दलित सरोकार मञ्च नेपाल सप्तरीको सहकार्यमा राजगढ गाउँपालिकामा नागरिक सक्रियता परियोजनाबाट उक्त व्यवसायिक साक्षरता तालिम संचालन गरिएको हो ।

उक्त तालिममा राजगढ गाउँपालिकाका वडा नं. १ का सृजनशिल महिला समूह तथा वडा नं. ५ का बाबा बजरंगवली महिला समुहकी महिला/युवती सदस्यहरुलाई व्यवसायिक साक्षरता तालिम संचालन गरिएको दलित सरोकार मञ्चका सुशासन सहजकर्ता उपेन्द्र कुमार मरिकले जानकारी दिएका छन् ।

आयोजित तालिम उद्घाटन समारोहका अध्यक्षता दलित सरोकार मञ्चका जिल्ला संयोजक राजकुमार पासवान एवं प्रमुख अतिथि वडा नं. ४ का वडाध्यक्ष हेमनारायण साहले संयुक्त रुपमा ब्यनर पढेर साक्षरता तालिम उदघाटन गरे ।

संचालित तालिममा लक्षित ग्राहकको पहिचान र विक्रय कलाको विकास, व्यवसायिक योजनाको महत्व, व्यवसायको अर्थ, प्रकार, महत्व र फाईदा, लागत तथा विक्रि मूल्य निर्धारण र लगत तथा लागतका तत्वहरु बजार र बजारीकरणलगायत बिषयबस्तुहरु समिटिने मञ्चले जनाएको छ ।

### कोभिशिल्ड खोपमा ...

लगाएकामध्ये ८५ दशमलव दुई प्रतिशतले कोभिशिल्ड, १४ दशमलव पाँच प्रतिशतले भेरोसेल, अन्य खोप लगाएका शुन्ना दशमलव दुई प्रतिशत थिए । खोप लगाएका १५ दिनदेखि १५० दिनसम्मका व्यक्ति अध्ययनमा सहभागी थिए ।

### जनमत पार्टीद्वारा ...

सदरमुकामको बाटोघाटो भत्केर जनतालाई सास्ती भइरहेपनि विकासको नाउँमा ठूलो रकम खर्च देखाएर भ्रष्टचार गरेका कारण आफूहरु बिरोधमा उत्रनु परेको उनको भनाई छ ।

सेवाग्राहीको बढी भिडभाड रहने मालपोत, राजविराज नगरपालिका लगायतको सरकारी कार्यालय अगाडी समेत उनीहरुले भ्रष्टाचार बिरुद्ध खबरदारीसहित नाराबाजी गरेका थिए ।

मोटरसाइकल र्‍यालीसहित गरिएको प्रदर्शन बजार क्षेत्र परिक्रममा पश्चात् जनआन्दोलन चौकमा पुगि बिरोध सभामा परिणत भएको थियो । सभाका वक्ताहरुले भ्रष्टाचारको छानबिन र भैष्टाचारीहरुलाई जेल हाल्नु पर्ने माग गरेका थिए ।

# मन्त्रिपरिषद् बिस्तार

**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वको सरकारले झण्डै तीन महिनामा शुक्रबार पूर्णता पाएको छ ।

नयाँ गठित मन्त्रिपरिषद्मा शेरबहादुर देउवा प्रधानमन्त्री, बालकृष्ण खाँण गृह, ज्ञानेन्द्रबहादुर कार्की सञ्चार तथा सूचना प्रविधि, पम्फा भुसाल ऊर्जा, जलस्रोत तथा सिँचाइ, राजेन्द्रप्रसाद श्रेष्ठ सङ्घीय मामिला तथा सामान्य प्रशासन, विरोध खतिवडा स्वास्थ्य तथा जनसङ्ख्या र जनार्दन शर्मा अर्थमन्त्री छन् ।

त्यस्तै डा मीनेन्द्रप्रसाद रिजाल रक्षा, उमाकान्त चौधरी खानेपानी, डा नारायण खड्का परराष्ट्र, रेणुकुमारी यादव भौतिक पूर्वाधार तथा यातायात, प्रेमबहादुर आले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, दिलेन्द्रप्रसाद बडू कानून, न्याय तथा संसदीय मामिला, देवेन्द्र पौडेल शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री नियुक्त भएका छन् ।

यसैगरि महेन्द्रराय यादव कृषि तथा पशुपन्छी विकास, उमा रेग्मी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, शशि श्रेष्ठ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, रामकुमारी झाँक्री सहरी विकास, गजेन्द्रबहादुर हमाल उद्योग, वाणिज्य तथा आपूर्ति, रामसहायप्रसाद यादव वन तथा वातावरण, कृष्णकुमार श्रेष्ठ श्रम, रोजगार तथा सामाजिक सुरक्षा, महेश्वरजंग गहतराज युवा तथा खेलकूदमन्त्रीमा नियुक्त भएका छन् ।

सोही मन्त्रिमण्डलमा उमेश श्रेष्ठ राज्यमन्त्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भवानी प्रसाद खापुङ राज्यमन्त्री स्वास्थ्य तथा जनसङ्ख्या, बोधमायाकुमारी यादव राज्यमन्त्री शिक्षा, विज्ञान तथा प्रविधि नियुक्त भएका छन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीले गत असार २९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानबमोजिम प्रधानमन्त्रीको सिफारिसमा नियुक्ति, हेरफेर र कार्यविभाजन गरी मन्त्रिपरिषद् गठन गरेकी हुन् ।


## भावपूर्ण श्रद्धाञ्जली



जन्मः
२०१०/११/२४

स्वर्गारोहणः
२०७८/०६/०७

### स्व. केदारप्रसाद देव

हाम्रा प्रातः स्मरणीय परम पुजनीय पति/पिता **केदारप्रसाद देव**को असामयिक निधन भएको आज श्राद्धकर्मको पुण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुखद घडिमा हामीप्रति समवेदना प्रकट गर्नु हुने सम्पूर्ण आफन्तजन ,साथीभाई तथा शुभचिन्तकहरूमा हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछौं ।

**छोरा/बुहारीः**
- डा. अमित देव/डा. मनिता देव

**दाजु/भाउजुः**
- जवाहरलाल/मञ्जु देव

**भाइ/बुहारीहरुः**
- जयप्रकाश/नीता देव
- ओमप्रकाश/अनिता देव

**बहिनी ज्वाईः**
- जान्हवी/वेदनारायण देव

**श्रीमतीः मिठ्ठदेवी देव**

**छोरी ज्वाईहरुः**
- रीना/उपेन्द्र देव
- वीना/नरेश देव
- पिंकी/ई.चन्दन देव
- डा. सुनिता/डा. माधव देव
- रोनी/ई. प्रवीण देव
- मिनु देव र एलिसा देव

**भतिजा/बुहारीः**
- ई. रविन्द्रकुमार देव/डा. रम्भा देव
- शशांक र आयुष देव

**नाती/नातिनीः**
- रेशान, ईशान र तमन्ना देव

**एवं**
**सुरक्षा अस्पताल (प्रा.) लि.**
**परिवार, विराटनगर**

## मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



**शम्भु प्रसाद यादव (लाली)**
**अध्यक्ष**
**राजविराज ९, मलेठ, सप्तरी**

## हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
**अध्यक्ष**
**तथा**
**जन ज्योति कृषि सहकारी संस्था लिमिटेड**
**संचालक समिति परिवार**
**राजविराज ९, मलेठ, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

iPay remit · City Express Money Transfer · Best Remit Quick & Easy · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np